महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

डोर मुकाम प्यूठान अ.छा.दे.
पत्र संख्याः मितिः २०७७।७८
च.नं. २

मितिः २०७८।१।२१

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
प्यूठान नगरपालिकाको कार्यालय,
विजुवार ,प्यूठान ।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७६।७७ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सो सँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७८।१।१६ मा छलफल पश्चात् तयार गरिएको पाना तेतिस (३३) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेश भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा लुम्बिनी प्रदेशको प्रदेश आर्थिक कार्यविधि २०७४ को दफा ३५(१ अनुसार ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(श्रीधर प्रसाद पन्त)
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं - प्रतिवेदन संलग्न छ ।

श्री प्रदेश लेखा इकाइ ,
प्यूठान - प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
प्यूठान - प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

आर्थिक कारोबारको स्थिती

कार्यालय र स्थानः
प्यूठान नगरपालिका
विजुवार , प्यूठान

आर्थिक वर्षः २०७६।७७

	नाम	कार्यरत अवधि		बेरुजु रकम
		देखि	सम्म	
प्रमुख प्रशासकीय अधिकृत	टोपेन्द्र वहादुर के सी	२०७६।५।८	२०७६।१०।२८	१९४९९५४२।६०
प्रमुख प्रशासकीय अधिकृत	पुष्करराज आर्चाय	२०७६।११।१	२०७७।१।६	
प्रमुख प्रशासकीय अधिकृत	यज्ञ वहादुर वुढा	२०७७।१।१७	२०७७।३।३१	
लेखा अधिकृत	अमर वहादुर जि सी	२०७६।४।१	२०७७।३।३१	

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

आयतर्फ			सि.नं.	व्ययतर्फ		
विवरण	रकम	रकम		विवरण	रकम	रकम
गत वर्षको जिम्मेवारी	०.००	६१८१५२६४.२९	१	**जम्मा खर्च**		५३६७२५७९८.००
क) नगद				क)चालु खर्च	३२७२६०४०६.००	
ख) बैंक	६१८१५२६४.२९			ख)पुजीगत खर्च	२०९४६५३९२.००	
राजस्व (आन्तरिक आय)		१०१०८८३०९.४८	२	**अन्य कार्यक्रमहरुको खर्च**		१२३२०९६३६.००
क) आन्तरिक राजस्व	२३०६३१००.९०			क) गरिब सँग विश्वेश्वर	६३२५००.००	
ख) राजस्व बाँडफाँड	६८३७०८०५.३२			ख) स्थानीय तह पूर्वाधार विकास साझेदार कार्यक्रम	८९२९०४५.००	
ग)राजस्व बाँडफाँड (प्रदेश सरकार)	९६५४४०३.२६			ग) सामाजिक सुरक्षा	१०८७४५८००.००	
संघ सरकारबाट वित्तीय हस्तान्तरण		४०३१४९६८८.००		घ) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रम	९०२२९१.००	
क)वित्तीय समानीकरण अनुदान	१२४२०००००.००			ङ) कृषि उत्पादन,खाध तथा पोषण सुरक्षा कार्यकम	४००००००.००	
ख) सशर्त अनुदान	२५९८२२२५०.००		३	**अनुदान फिर्ता वेरुजु**		२४५९९३०३.००
ग) समपूरक अनुदान	२५५६४३८.००			क) संघिय सरकारको अनुदान तर्फ	१२३५६८९६.००	
घ) विशेष अनुदान	१६५७१०००.००			ख)प्रदेश सरकारको अनुदान तर्फ	१०२६२७००.००	

विषयगत निकायबाट प्राप्त रकम		१२३२०९६३६.००		ग) गत आ.वाको वेरुजु फिर्ता	१७३३१८३.००	
क) गरिब सँग विश्वेश्वर	६३२५००.००			घ) सामाजिक सुरक्षा	२४६५२४.००	
ख) स्थानीय तह पूर्वाधार विकास साझेदार कार्यक्रम	८९२९०४५.००		४	**कोष खर्च**	२३९२४७७१.००	२३९२४७७१.००
ग) सामाजिक सुरक्षा	१०८७४५८००.००		५	**मौज्दात**		७४४३२१६८.७६
घ) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रम	९०२२९१.००			क)नगद मौज्दात		
ङ) कृषि उत्पादन,खाध तथा पोषण सुरक्षा कार्यक्रम	४००००००.००			ख) बैंक मौज्दात		
प्रदेश सरकारबाट प्राप्त अनुदान		४७७२९०००.००		ग)बैक मौज्दात (संचितकोष)	३३५०४३०४.९०	
क)वित्तीय समानीकरण अनुदान	४५२९०००.००			घ)बैक मौज्दात (पुजिगत विजोर खाता)	२२२८६५३.००	
ख) सशर्त अनुदान	२१२०००००.००			ङ)बैक मौज्दात (चालु खाता विजोर खाता)	५८५९८२६.१३	
ग) समपूरक अनुदान	१५००००००.००			च)बैक मौज्दात राज्वश्व बाँडफाट	१८९०६३२३.१३	
घ) विशेष अनुदान	७००००००.००			छ) प्रकोप व्यवस्थापन	४०३३५.६०	
अन्तर स्थानीय तहबाट प्राप्त	०.००			ज) आकास्मिक कोष	३५३३६४३.००	
जिल्ला समन्वय समिति	४२०००००.००	४२०००००.००		झ) धरौटी खाता	१०३५९०८३.००	
वित्तीय व्यवस्था प्राप्ति		७३७५८५९.७९				
क) विधुत रोयल्टी	३७८७३५४.००					
ख) रोयल्टी संघ सरकार	२६८९२६७.७९					
ग) सडक वोर्ड नेपाल	८९९२३८.००					
विभिन्न कोषतर्फको आय		२१३००२८०.२०				
कं) मर्मत संहार कोष	१३१०२५६.६८					
ख) प्रकोप व्यवस्थापन	१७०९४७८१.६०					
ग) वातावरण विशेष कोष	५७८०७.८०					
घ) आकास्मिक कोष	१०४६९५६.३२					
ङ) कर्मचारी कल्याण कोष खाता	१७९०४७७.८०					
धरौटी आय	१३०२३६३९.००	१३०२३६३९.००				
अन्य विविध आय	०.००				०.००	७८२८९१६७६.७६
जम्मा		७८२८९१६७६.७६				

कार्यालयको नामः प्यूठान नगरपालिका, प्यूठान ।

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५२ सभा सदस्य, २८.९६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३८४४९ जनसंख्या रहेको छ ।	
	लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।१।१६ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :	
	वित्तीय विवरण विश्लेषण	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ४९३०८३३।८३ ले फरक देखिएको छ । • लेखापरीक्षणका क्रममा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहको पेश्की यथार्थ मान्न सक्ने अवस्था छैन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**बैक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट	

	स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेकोले उक्त फरक रकम एकिन हुनुपर्ने ।	४९३०८३३.८३

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
	चालु खर्च खाता	२०४७७४.९६	५८५९८२६.१३	-५६५५०५१.१७
	पूजीगत खर्च खाता	१२८१४५३८.००	२२२८६५३.००	१०५८५८८५.००
	विभाज्य कोष	०	०	०
	जम्मा			४९३०८३३.८३

३.	आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको नदेखीएकोले स्वीकृत कार्यक्रम हरु तोकीएकै चौमासिक र स्विकृत वजेटको सिमा भित्र संचालन भए नभएको सम्वन्धमा स्पष्ट हुन सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • साना तथा ठुला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ । • अधिकांश सडक तथा कुलो /नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरुलाई अनिवार्य गर्नुपर्दछ । • स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६२ मा जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्वन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।	

- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त योजना तयार गरेको देखीएन ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्रीको मूल्य , ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।
- निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।
- निजामती सेवा ऐन २०४९ को ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारीत गराएर मात्र तलव भत्ता भुक्तानि गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिबेदन पारीतका लागी सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा लेखी पठाएकोमा उक्त कार्यालय द्वारा पारीत भइ नआइएकोले तलवी प्रतिवेदन पारीत वेगर पालिकाले यस वर्ष उक्त शिर्षकमा रु १५११८००० खर्च लेखेको पाइयो ।
- पालिकाबाट सञ्चालित सवै कार्यक्रमको नियमित अनुगमन मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने गरेको छैन ।
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ४९ जनाको दरबन्दी रहेकोमा ३८ जना पूर्ति भइ ११ जना दरबन्दी रिक्त रहेको पाईयो

	• पालिका द्धारा सञ्चालित विकास निर्माण सम्वन्धी योजनाहरुको स्थलगत अवलोकन नगरिएकोले कार्यान्वयन भएका योजनाको वास्तविक अवस्थाको सम्वन्धमा एकिन हुन सकिएन । • पालिकाले आफ्नो सवै आर्थिक कारोवार समावेश हुने गरी एकीकृत वार्षिक आय व्ययको विवरण तयार गर्नु पर्नेमा उक्त विवरण तयार गरेको नपाइएकोले पालिकाको यथार्थ आय व्ययको एकिन गर्न सकीएन । • पालिका द्धारा इन्धन खर्चमा यस वर्ष रु २१६७३६२।०० र मेशिनरी औजार मर्मत मा रु २१५९९३६।०० खर्च लेखेको छ । इन्धन खर्चको प्रयोजन देखिने गरि लगवुक राखेको देखिएन र मर्मत अभिलेख खाता समेत राखेको नदेखीएकोले उक्त अभिलेख राखी खर्च लाइ मितव्ययी र व्यवस्थित गर्नु पर्ने देखिन्छ । मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४.	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।	
	बजेट तथा कार्यक्रम	

५.	**बजेट पेश , पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहका प्रमुखले २०७७।३ ।१० मा रु. ७३ करोड २५ लाख २० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३ ।२० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३ ।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
७	**बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उक्त समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
८	पालिकाले यस आर्थिक वर्षको लागि रु. ७३ करोड २५ लाख २० हजार बजेट पेश गरेको छ । बजेटको संचना अनुसार रु. ३२ करोड ७२ लाख ६० हजार चालु खर्च र २० करोड ९४ लाख ६५ हजार भएको आर्थिक विवरण पेश भएको छ । चालु कार्यक्रम तर्फका विषयगत शाखा, कृषि, स्वास्थ्य शिक्षा, महिला विकास र लक्षित वर्गका कार्यक्रम समेत पूजीगत शीषार्कबाट खर्च भएको छ । पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नु पर्नेमा चालु प्रकृतिका खर्चलाई पूँजीगत शीर्षकमा समावेश गरेको छ । सुत्रमा प्रविष्टी गर्दा एक मुष्ट रुपमा पूजीगत शीर्षक मा प्रविष्टी भएको कारण चालु र पूँजीगत खर्चको यथार्थ संरचना बजेटले प्रस्तुत गर्न नसकेको कार्यालयको भनाइ रहेको छ ।	
९.	**बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
१०.	**गत बर्षको दायित्व-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखानियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नु पर्ने	

व्यवस्था छ । स्थानीय तहले २०७५।७६ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.३९२१२२३४।००भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७६।७७) को बजेट माग तथा बर्षको भुक्तानीको लागि बजेट व्यवस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्न व्यवस्था मिलाउनु पर्दछ ।

११. **नीति तथा मार्गदर्शनः** पालिकाको आ.व. २०७६।०७७ को नीति तथा मार्गदर्शन २०७६ असारमा छैठौ नगरसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरु मध्ये कतिपय व्यहोराहरु यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । नगर सभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरुको कार्यान्यनको लागि पालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरु कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्ः

- भू-उपयोग नीति बनाई कृषि, खानी, जडिबुटी, व्यापारिक, बस्ती आदी क्षेत्रको बर्गिकरण गरी भूमिको बैज्ञानिक व्यवस्थापन गर्ने,
- सार्वजनिक जग्गाको एकिन गरी छुट्टाईने,
- सार्वजनिक स्थानको अभिलेखिकरण र संरक्षण गर्ने,
- कृषि उत्पादन बृद्धिको लागि प्रत्येक वडामा नै माटो परीक्षण गर्ने
- पर्यटन प्रवद्र्धन तथा विकासको लागि पर्यटन गुरुयोजना निर्माण गर्ने,
- नगरपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको पहिचान गरी विकासमा जोड दिने,
- Eco-Tourism को अवधारणालाई आत्मसात् गर्दै पर्यावरण हराभरा बनाउँदै भू-क्षय तथा जथाभावी माटो खन्ने तथा ओसारपसार माथि नियमन गर्ने
- नगरपालिका भित्र कम्तिमा एउटा प्राविधिक शिक्षालय स्थापनाको लागि पहल गर्ने,
- "महिनाको एक दिन श्रम"को अवधारणा अनुसार प्रत्येक महिनाको तोकिएको निश्चित दिनमा सबै शिक्षक, कर्मचारी तथा जनप्रतिनिधीले सार्वजनिक हित जस्तैः सरसफाई, बृक्षारोपण, निर्माण आदि जस्ता सार्वजनिक कार्यक्रमहरुमा अनिवार्यरुपमा श्रम गर्नुपर्ने नीति अवलम्बन गर्ने,
- नगरपालिका भित्रका सम्पूर्ण सरकारी, अर्धसरकारी वा निजी भवनहरुको लागि Color Code लागु गर्ने
- समग्र विकासको लागि विज्ञहरुको समूह Think Tank को अवधारणा ल्याउने ।

१२. **योजनाहरू कार्यान्वयन नभएकोः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी आषाढ मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ को लागि रू. ७३ करोड २५ लाख २० हजार बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल १० बटा आयोजना मध्ये यस वर्ष केही कार्यक्रम हरु कटौती गरि रु ५४००,००० प्रकोप व्यवस्थापन कोषमा ट्रान्सफर गरेको पाइयो तर कटौती भएका उक्त कार्यक्रमहरुको विवरण पेश हुन आएन ।

कार्यालयको भनाइः कोभिड १९ महामारीको कारण उपरोक्त योजनाहरू कार्यान्वयन गर्न नसकिएको कार्यालयको भनाइ रहेको छ ।

१३. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको

कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप असारमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
पूँजिगत खर्चतर्फ	२०९४६५	२२१४९	२५१८३	१६२१३३	१२२७१३
प्रतिशत		१०	१२	७८	५८

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ७३ करोड २५ लाख २० हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. २ करोड २१ लाख ४९ हजार अर्थात १० प्रतिशत, दोश्रो चौमासिकमा रु. २ करोड ५१ लाख ८३ हजार अर्थात १२ प्रतिशत र तेश्रो चौमासिकमा रु.१६ करोड २१ लाख ३३ हजार अर्थात ७८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी तेस्रो चौमासिकमा कुल खर्चको ७८ प्रतिशत र आषाढ महिनामा मात्र ५८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।यसरी आर्थिक वर्षको अन्तयमा खर्चको चाप वढ्नाले कामको गुणस्तरमा कमी आउने सक्ने , जनताले समयमै सेवा पाउने अवसर वाट वञ्चित हुन सक्ने र आर्थिक अनियमितता समेत हुन सक्ने जोखिम रहने हुदा स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ.

१४. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

रु हजारमा

क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
			जम्मा खर्चको तुलनामा
आर्थिक विकास	५१३८४०५७.००	३५४२६४०७.००	६
पुर्वाधार विकास	१३५८५५००६.००	८४१४३६२२.००	१४
सामाजिका विकास	५१९१८८९५२.००	३९६११२००३.००	६७
बातावरण तथा विकास	०.००	०.००	०
संस्थागत विकास सेवा प्रवाह र शुसासन	३४४२०४७.००	७३५०००.००	०.१२
अन्य कार्यालय संञ्चालन तथा प्रशासनिक	१०४५४९८५६.००	७८०११३६६.००	१३
जम्मा	८१४४१९९१८.००	५९४४२८३९८.००	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ६७ प्रतिशत , वित्तीय व्यवस्थापन र सुशासनमा सबै भन्दा घटी ०।१२ प्रतिशत रहेको छ त्यसै गरी वातावरण तथा विकासमा वजेट व्यवस्था र खर्च भएको देखिएन ।

१५. **खर्च बिश्लेषणः** नगरपालिकाले गत वर्षको अल्या रु ६१८१५२६४।२९ र यसबर्षको कुल आन्तरिक आयबाट रु. २३०६३१००।९० राजस्व बाँडफाँड र अनुदानबाट ५८३७४२७२७।२६ समेत रु

७८२८९१६७६।७६ आम्दानी भएकोमा चालु तर्फ रु. ३२७२६०४०६ र पूँजिगत तर्फ रु २०९४६५३९२।०० समेत जम्मा रु ६८३८६०२०५।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३।३७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. १७२९६३५।००।- खर्च भएको छ जुन आन्तरिक आयको ७।४९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६।०६ प्रतिशत चालु र ४३।९४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१६. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष सञ्चालित विभिन्न कार्यक्रमको प्रगति निम्न अनुसार छ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	४१२	५७	११	८	८

उल्लेखित विवरण अनुसार कूल ४१२ कार्यक्रम मध्ये शून्य प्रतिशत प्रगति भएका ५७ पचास प्रतिशत सम्म ८ लगायत अधिकाश कार्यक्रमको प्रगति न्यून रहेकोले आवश्यकता र प्राथमिकताको आधारमा कार्यक्रमको छनौट गरी शतप्रतिशत प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१७. **ठेक्का व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट १५ वटा ठेक्का सम्झौता गरेकोमा प्रथम चौमासिकमा १ दोस्रो चौमासिकमा ५ वटा र तेश्रो चौमासिकमा ९ वटा ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी अन्तिम चौमासिकमा मात्र ठेक्का सम्झौता गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको व्यवस्थाको पालना हुनु पर्दछ ।

१८. **ठेक्काको विवरण-** निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

१९. **उपभोक्ता समिति र ठेक्का मार्फत भएको निर्माण कार्यको अवस्था :** पालिकाले उपलब्ध गराएको बिबरण अनुसार यस वर्ष संचालित योजनाहरुमा कुलखर्च रु २०९४६५३९२।०० भएकोमा उपभोक्ता समिति मार्फत रु.११९५८६६८८ अर्थात ५७% र ठेक्का मार्फत रु. ८९८७८७०४ अर्थात ४३% खर्च भएको देखिन्छ । उपभोक्ता समिति मार्फत भएका कामहरु लागत अनुमानकै हाराहारीमा भएको, गुणस्तर परिक्षण

	गर्ने नगरेको र कतिपय कामहरु इन्जिनियरीङ सिप र दक्षता आबश्यक पर्ने देखिन्छ। उपभोक्ता समिति मार्फतका कामहरुमा प्रतिष्पर्धा नहुने हुँदा सरकारी खर्चमा मितव्ययिता समेत नहुने हुदा पालिकाले उपभोक्ता समिति मार्फतका कार्यमा न्यूनीकरण गर्दै ठेक्का व्यवस्थापन मार्फत काम गर्न ध्यान दिनुपर्ने देखिन्छ।	
	संगठन तथा कर्मचारी ब्यवस्थापन	
२०.	**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४९ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३८ जना पदपूर्ती भइ जम्मा ११ पदहरु रिक्त रहेका छन् । रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
२१.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ९३ जना कर्मचारीहरु करारमा राखि रु. १३४१४०००।०० खर्च लेखेको छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचेलगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पदमा ९३ जना कर्मचारी भर्ना गरेतापनि उक्त पदहरुको स्विकृत दरवन्दि विवरण पेश हुन नआएकोले सो सम्वन्धमा एकीन हुन सकीएन । नगरपालिकामा करार सेवामा कार्यरत २ जना कर्मचारीलाइ अवकाश पश्चात को सुविधा भनी कार्यपालिकाको ०७६।४।२४।को निर्णय अनुसार प्रति व्यक्ति रु १ लाखका दरले जम्मा रु २ लाख भुक्तानि दिएको देखीएकोमा सो को कानूनी व्यवस्था गरेको देखिएन ।स्पष्ट कानूनी व्यवस्था एव मापदण्ड वेगर गरिएको यस्तो खर्च नियमित नदेखिएको रु	२००,०००.००
२२.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष उक्त कोषमा रकम ट्रान्सफर गरेको छैन । उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । ऐनको व्यवस्था बमोजिम योगदानमा आधारित अवकास सुविधा सम्वन्धी कानून तर्जुमा गरी लागू गर्न आवश्यक देखिन्छ ।	
२३.	**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति	

लिनुपर्ने व्यवस्था छ ।

(क) स्थानीय तहले यस वर्ष प्रोत्सहान भत्ता वापत खर्च लेखेको देखिएन ।

(ख) जोखिम भत्ता वापत विभिन्न प्राविधिक तथा प्रशासनिक कर्मचारीहरु लाइ रू. ८००५३९।०० खर्च गरेको देखिएको छ ।

नगरपालीकाले यस वर्ष नगरसभा सञ्चालन वापत रु १८८०००।०० खर्च लेखेको छ ।

२४. **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२५. **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार नगरपालिकाले हाल सम्म १५ वटा ऐन, ४ वटा नियमावली र २६ बटा कार्यबिधि समेत जम्मा ४५ वटा कानून निर्माण तथा स्वीकृत गरी राजपत्रमा समेत प्रकाशन गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	**जम्मा**
स्वीकृत घरनक्सा दर्ता पास	१५
पञ्जिकरणतर्फ	
जन्मदर्ता	२७१
मृत्युदर्ता	३६९८
बसाईसराई दर्ता	४६५
विवाह दर्ता	२४५
सम्बन्धविच्छेद दर्ता	०
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	२.५ कि .मी
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	६ कि . मी
ग्राभेल सडक मर्मत	०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

२६. **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७६/७६ को

अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
१४६	१००	८०	२५	६१	४१२

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १ लाख देखि १० लाख सम्मका जम्मा ३५१ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १४६ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर समेत पर्न सक्ने हुदा यस तर्फ ध्यान दिनु पर्दछ ।

कानून निर्माण एवं कार्यान्वयन

२७. **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, ४ वटा नियमावली, ४४ कार्यविधि ५ निर्देशिका लगायत ६२ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । साथै पालिकाले १२ वटा कानूनहरु निर्माण गरी सभा / कार्यपालिकाबाट स्वीकृत समेत गराइ राजपत्रमा प्रकाशन गरेको छ ।

२८. **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । नगरपालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । नगरपालिकाले कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

नगरपालिकाले कृषि औजार साना, सिंचाइ तथा सहकारी खेती, फलफुल विरुवा र तरकारी विउ लगायतका सामग्री वितरण तथा फलफुल नर्सरी अनुदान लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरुलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनौट र वितरण सम्वन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा नगरपालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ ।

२९. **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ० र यो बर्ष थप भएको ५ गरी कुल ५ विवाद दर्ता भएकोमा ५ वटा फछ्र्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो

	लगाउनुपर्दछ ।	
३०.	आन्तरिक लेखापरीक्षण- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्य दक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छ।	
३१.	आन्तरिक लेखापरीक्षण शाखाः प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नु पर्ने व्यवस्था रहेको मा पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरेको छ।	
	पदाधिकारी सुविधा	
३२.	पदाधिकारी पारीश्रमिक - लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार लुम्बिनी प्रदेश सरकारले प्रथम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरुले मासिक पारिश्रमिक वापतको सूविधा पाउने देखिदैन । तर पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा २०७६ श्रावण देखि असोज सम्मको निम्नानुसार रु १७२९६३५।०० खर्च लेखेको देखिन्छ । साथै उक्त ऐनको दफा १५ मा भएको व्यवस्था वमोजीम उक्त सुविधाहरुको विवरण तिन तिन महिनामा सम्वन्धित स्थानिय तहले सार्वजनिक समेत गर्न पर्ने व्यवस्था रहेकोमा सार्वजनिक गरेको पाइएन	
३३.	स्वकीय सचिव र सल्लाहकार - लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ ।नगरपालिका द्धारा स्वकिय सचिव र सल्लाहकार नियुक्त गरेको देखिएन ।	
३४.	स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस वर्ष रु ६९८८४००।०० दायीत्व सिर्जना गरी आगामी वर्षका लागी भुक्तानी दिन वाकी राखेको देखीयो ।	
३५.	खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु२२८४०००।०० खर्च गरेको छ ।यस्ता खर्च नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।	
	अनुदान फिर्ता, वितरण र उपयोग	

३६. अनुदान फिर्ता– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने शसर्त समपुरक र विशेष अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । २०७७ असार मसान्तमा सबै अनुदान खर्च नभई बाँकी रहेको रकम संघीय सरकार तर्फ मिति २०७७।४।२२ रू. १२४८५७९१।०० र प्रदेश सरकार तर्फ मिति २०७७।४।२२ मा रु १०२६२७००।०० फिर्ता गरेको छ ।

अनुदान फिर्ता गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघिय सरकार	सर्शत	२५९८२२२५०.००	२४८८५७०३९.००	१०९६५२११.००
	विषेश	१६५७१०००.००	१५४८६०६५.००	१०८४९३५.००
	सम्पुरक	२५५६४३८.००	२२४९६८८.००	३०६७५०.००
	विषेश अनुदान(सासु)	१०८७४५८००	१०८७४५८००	
	जम्मा	२७८९४९६८८.००	२६६५९२७९२.००	१२६०३४२०.००
प्रदेश सरकार	सर्शत	२१२०००००.००	१०९७८१८४.००	१०२२१८१६.००
	विषेश	७००००००.००	६९५९११६.००	४०८८४.००
	सम्पुरक	१५०००००.००	१५०००००.००	०.००
	अन्य			
	जम्मा	४३२०००००.००	३२९३७३००.००	१०२६२७००.००
कुल जम्मा		३२२१४९६८८.००	२९९५३००९२.००	२२८६६१२०.००

सामाजिक सुरक्षा तर्फ कुल निकासा रु १०८७४५८०० मध्ये वितरण हुन वाकी रु ५१७०८००।०० मौज्दात देखिएकोले उक्त रकम संघीय सरकार तर्फ अविलम्व फिर्ता हुनु पर्ने । ५१७०८००

३७. वितरणमुखी कार्यक्रम – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । यस नगरपालिकाको आ व २०७६।७७ को पुँजीगत बजेट शीर्षकबाट विभिन्न पर्व तथा दिवस महोत्सव सचेतना कार्यक्रम सास्कृतिक लगायतका कार्यक्रममा रु ९२२५०००।०० खर्च गरको पाइयो । यसका केही उदाहरण देहाय अनुसार छन् ।

वितरण मुखि कार्यक्रमहरु

रु हजारमा

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	स्रोत	विनियोजन	खर्च
१	संगम महिला वहुउदेश्यीय सहकारी सस्था	राजस्व बाँडफाँड - संघीय सरकार	५०	४८
२	सस्कृति प्रर्वधन कार्यक्रम	राजस्व बाँडफाँड - संघीय सरकार	५०	५०
	त्रिपाल वितरण	राजस्व बाँडफाँड - संघीय सरकार	११०	३३
३	च्याउ खेती तालिम	राजस्व बाँडफाँड - संघीय सरकार	१००	४५

	यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।	
३८.	**बार्षिक खरिद योजना/गुरुयोजना** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २० करोड ९४ लाख ६५ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
३९.	**सवारी साधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुइ पाङ्ग्रे सवारी साधन रु ३१८०००।०० ,राजश्व वाडफाड शिर्षक वाट खर्च लेखेको छ ।	
	कर दस्तुर एवं आन्तरिक आय	
४०.	**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु २ करोड ५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. २ करोड ५ लाख अर्थात अनुमान गरे अनुसार आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	
४१.	**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयकोस्थितिदेहायबमोजिमछ। रु हजार <table><tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr><tr><td>५८३७४२७२७</td><td>२३०६३१००</td><td>३।९५</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.९५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४२.	**कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर वहाल विरौटी शुल्क लगायतका कर तथा शुल्क असुल गर्न सक्ने व्यवस्था रहेको छ ।पालिकाले उक्त ऐन अनुसार यस वर्ष उक्त आय शीर्षकमा आय अनुमान रु २ करोड ५० लाख गरी रु २ करोड ३० लाख ३६ हजार असुली गरेको	

स्थितिले आयको अनुमानलाइ यर्थात परक मान्न सकिएन । आय असुलीको स्थिति निम्नानुसार रहेको देखिन्छ ।

रु हजार

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पत्ति कर	५५००	४५६६	८३
घर जग्गा बहाल कर	८००	९७३	१२१
बहाल बिटौरी कर	०	०	०
व्यवसाय कर	२५००	२९०६	११६
अन्य दस्तुर	१६२००	१४५९१	
जम्मा	२५०००	२३०३६	

पालिका आफ्नो क्षेत्र भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नगरेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्रका करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

४३. **मुल्य अभिबृद्धिकर र अग्रिम आयकर छुट** लुम्विन प्रदेश नदि जन्य पर्दाथ व्यवस्थापन कार्य विधि २०७५ को दफा ९ (१) वमोजिम सरकारी आय ठेक्काको वोलपत्र स्विकृति पश्चात सो को कवोल रकम र सो मा लाग्ने मु अ कर र अग्रिम आय कर असुल गर्नुपर्ने व्यवस्था रहेकोमा गाउँपालिकाले आ.व. २०७६।०७७ मा निम्न वमोजिमको खोलाको ढुङगा गिट्टी विक्रि ठेक्काको कवोल अंकमा नियमानुसार लाग्ने १३ प्रतिशत मुल्य अभिबृद्धिकर र अग्रिम आयकर रकम रु ३११७५०।०० असुल गर्नुपर्नेमा नगरेकोले उक्त रकम असुल गरी बैंक दाखिला गर्नुपर्ने रु ३११७५०.००

ठेक्काको नाम	ठेकेदारको नाम	ठेक अंक	१३ प्रतिशत	१.५प्रतिशत अग्रिमआयकर	असुल हुनु पर्ने रकम
झिमरुक खोला	पदम निर्माणसेवा	२१५००००.००	२७९५००.००	३२२५०.००	३११७५०.००
जम्मा			२७९५००.००	३२२५०.००	३११७५०.००

४४. **गिट्टी, ढुंगा, बालुवाको कर**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको देखिन्छ । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) ३ थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको छ। तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मा पदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था देखियो । पालिकाले यस वर्ष उक्त कर वापत रु २४७२०००।८० आम्दानि गरेकोमा विभाज्य कोषमा नपठाइ आफ्नै सञ्चित कोष मा दाखिला गरेको छ ।स्पष्ट कानूनी

	व्यवस्था गरी सो करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।	
४५.	**राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिका र वडा कार्यालयमा प्रयोग गरेका रसिद ठेली हरु के कति छपाइ एव प्रयोग भए सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी रसिद ठेलिहरु के कति प्रयोग भएका एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यस सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्ने तर्फ विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।	
४६.	**राजश्व दाखिला :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १० वटा वडा र पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम नियमावलीको व्यवस्था अनुसार समयमै बैकमा दाखिला गर्ने तर्फ विशेष ध्यान दिनुपर्दछ ।	
४७.	**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु २९०६३५०।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
	कृषी तर्फ :	
४८.	**अनुदानको अनुगमन-** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ । पालिकाले कृषि तर्फ साना सिंचाइ कार्यक्रमका लागी विभिन्न ८ वटा समुहलाइ रु ५ लाख र कृषि यान्त्रीकरणका लागि विभिन्न १२ वटा समुह संस्थालाइ रु ७ लाख १५ हजार अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीयतहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार भएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनु पर्दछ ।	
	उपभोक्ता समिति मार्फत कार्य	
४९.	**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद	

	सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्कहरु उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
५०.	**लागत सहभागिता–** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भए पछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नु पर्दछ । तर पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनु पर्दछ।	
५१.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण (९)कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।	
५२.	**जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सडक निर्माण , सडक मर्मत , खानेपानि योजना लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :	

गो भौ न	कामको विवरण	भुक्तानि रकम	उपभोक्ता समिति
२३८।०७७।३।२५	सडक निर्माण	४८५५००.००	उ स
२३८।०७७।३।२५	सडक निर्माण	३८७९५०.००	उ स
२४२।०७७।३।२६	सडक मर्मत	५७७१३०.००	उ स
२४३।०७७।३।२६	लिफ्ट खानेपानि योजना	१५३५४३०.००	उ स
२७१।०७७।३।३०	उत्तिसघार खानेपानि योजना	६०००००.००	उ स

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

५३. **सम्झौता अनुसार कार्य नभएको-** उपभोक्ता समितिसँग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नु पर्दछ । तर पालिका र उपभोक्ता समितिहरु बीच रु ३१०७९६२८।६०को कार्य सम्पन्न हुने गरी सम्झौता भएकोमा यस वर्ष रु २९९७७३७७।३१ को मात्रा कार्य भएको पाईयो । सालबसाली गर्ने गरी सम्झौता भएकोमा यस वर्ष रु २९९७७३७७।३१ को मात्रा कार्य भएको पाईयो । सालबसाली रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको साथै आ.व. २०७७।७८ मा समेत उक्त योजनामा बजेट विनियोजन भएको पाईएन । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नु पर्ने देखिन्छ ।

सि न	कामको विवरण	सम्झौता रकम	कार्य सम्पन्न रकम
१	उमेश मेमोरियल भवन निर्माण	३७४४३४९.२७	३०८१८७५
२	जुम्री काडा ठूले गाउ खानेपानि योजना	१३२४४६४२.०९	१३१७१०६५
३	मग्राहा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण	५४४९४७२.४६	५२६३५६१.४५
४	अड्डापाढा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण	३२०५२८४.०८	३०८८१०४.९५
५	पारपाखा आपपाटा वुढा देवी खरीवोट चर्कपथ सडक	५४३५८८०.७१	५३७२७७०.९१
	जम्मा	३१०७९६२८.६१	२९९७७३७७.३१

सशर्त कार्यक्रमतर्फ

५४. **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

फाराम – १६ शिक्षक दरबन्दी र पदपूर्ति विवरण

विद्यालयको नाम	शिक्षक दरवन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
जनता मा वि बाग्दुला	२२	२२	८	१७६३
बालविद्या मा वि मजुवा	१५	१५	६	५८१
धर्मावती मा वि माझकोट	१५	१५	७	६३२
जनविकास आ वि बाटुले	४	४	१	१६९
धर्मभक्त आ वि मानागाउँ	७	७	४	२२३
बालज्योती आ वि गेजवाङ	८	८	५	२८५
आदर्श आ वि खप्रेङखोला	७	७	१	१८९
मुक्ति मा वि रातामाटा	२३	२३	११	१२५६
जानकी मा वि चितीखोला	१०	१०	२	३८३
भूवनेश्वरी मा वि खैरा	१७	१७	४	४२२
क्षेत्रविकास मा वि पुण्यखोला	१०	१०	४	३३७
सिद्ध मा वि जुम्रीकाँढा	७	७	५	५१६
जनता मा वि बाँस्बोट	४	४	२	३८७
भूमीश्वरी आ वि कुमिकोट	६	६	२	१७५
शारदा आ वि सापडाँडा	६	६	०	३१८
ने रा आ वि टारी	९	९	३	४२५
अरनिको आ वि हरिखोला	७	७	१	९८
सरस्वती आ वि ओवाङ	३	३	०	२७०
सिद्धभूमि प्रा वि जुम्रीकाँढा	३	३	०	१३४

दुर्गा प्रा वि मरेङ	२	२	२	६४
डिलेश्वरी प्रा वि सारिवाङ	३	३	०	८२
बालशिक्षा प्रा वि फूलबारी	१	१	१	३३
नैना प्रा वि खोलीगाउँ	३	३	१	११९
भानु प्रा वि पाखाचिती	३	३	१	६८
इच्छा प्रा वि माझकोट	१	१	१	४५
ने रा प्रा वि पातिहाल्ना	३	३	०	६१
ने रा प्रा वि भेडाबारी	३	३	२	९८
जनता प्रा वि छेपानी	३	३	१	५२
जनकल्याण प्रा वि नेपाने	२	२	०	३६
भूमा प्रा वि ठूलासिम	३	३	२	९६
जगदम्बा प्रा वि भित्रीकोट	४	४	१	११७
त्रिवेणी प्रा वि बाँसखोला	३	३	३	१०७
विद्याभण्डार आ वि धंगे	५	५	२	२४३
बालमन्दिर प्रा वि विजयनगर	३	३	०	११७
कालिका प्रा वि बिजुवार	३	३	१	१५८
कन्याकुमारी प्रा वि दाखाक्वाडी	३	३	२	९०
सिद्धभूमी प्रा वि विजयनगर	१	१	१	३९
ज्ञानज्योती प्रा वि पातालकटेरी	२	२	२	१६३
भूमीश्वरी प्रा वि हिङखोला	३	३	०	६९
भूमेकास्थान प्रा वि कोलफेद	१	१	१	६२
पशुपती प्रा वि दाखा	३	३	०	१०४
ने रा प्रा वि ढाँडमङ्ग्रा	३	३	०	८३
माण्डवी प्रा वि धाइरेचौर	३	३	१	७१
सरस्वती प्रा वि थापाडाँडा	३	३	०	५२
सरस्वती प्रा वि सेपुङ	४	४	०	१५६
पूर्णगाउँ प्रा वि पूर्णगाउँ	२	२	१	२४५
जनक प्रा वि ओखरबोट	३	३	०	८४
शिशुकल्याण प्रा वि टाकुराचौर	४	४	०	१४१
सालघारी प्रा वि भलापाटा	३	३	०	९६
जनसेवा प्रा वि इन्द्रेडाँडा	३	३	०	८१
ने रा प्रा वि ढाँडचौर	३	३	०	४८
पद्मा प्रा वि विजयनगर	०	०	०	५३
जम्मा	२७२	२७२	९२	११६९६

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

५५. **विद्यालयगत निकासा खाताः** अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । नगरपालिकाले आफु मातहत संचालनमा रहेका आधारभुत तथा माध्यमिक तहका बिद्यालयहरुमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब भत्ताको चौमासिक निकासा अभिलेख, अवकाश प्राप्त शिक्षकहरुको बिवरण र तोकिएको ढाँचामा विद्यालयगत निकासा खाता लगायतका अभिलेख राखेको नदेखीएकोले उक्त अभिलेखहरु तोकीएको ढाँचामा ब्यवस्थित गरी राख्नु पर्दछ ।

५६.	**कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको-** नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकासकेन्द्र सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनु पर्ने कानूनी व्यवस्था छ । पालिकाले यस वर्ष पाठ्यपुस्तकतर्फ रु ३७७७०००।०० छात्रवृत्तीतर्फ रु ४०१३०००।०० दिवा खाजा तर्फ रु २१६३२०००।०० अनुदान निकासा दिएकोमा निज विधालयहरुले प्राप्त गरेको अनुदान रकमको विवरण तथा लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिएन । अनुदानको अनुगमन र लेखापरीक्षण प्रतिवेदन सलग्न नहुदा तोकीएको शीर्षकमा खर्च भयो भएन एकिन गर्न सकिएन । विधालयहरुले सम्वन्नधित छात्र छात्राहरुलाइ कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार उक्त अनुदान वितरण गरे नगरेको सम्वन्धमा पालिकाद्धारा प्रभावकारी अनुगमन हुनुपर्दछ ।	
५७.	**विधालय भौतिक पूर्वाधार निर्माण अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप न ११.१.२.१. मा स्थानिय तह अन्तर्गत विधालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानिय तहले आफ्ना प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्य सम्पादन प्रतिवेदन तयार गराउने साथै अनुसूची ५ मा भएको चेकलिष्ट अनुसारको सामाजिक तथा वातावरणीय लेखाजोखा गराउने भन्ने व्यवस्था रहेको छ ।नगरपालीकाले यस वर्ष विधालय भौतिक पूर्वाधार निर्माण अनुदानका लागी विभिन्न ७ विधालयहरुलाइ रु २९८०००००।०० रकम उपलव्ध गराएकोमा विधालयहरुले प्राप्त गरेको अनुदान रकमको पालिका द्धारा प्रभावकारी अनुगमन हुनुपर्दछ ।	
५८.	**तलबी प्रतिवेदन र शिक्षक अभिलेखः-** कार्यालयले नगरपालिका अन्तरगतका शिक्षकहरुको तलबी प्रतिवेदन हरेक वर्षकको वैशाख महिना देखि पारित गराएर खर्च लेख्नु पर्ने र विद्यालयगत शिक्षकहरुको दरबन्दी, नियुक्ति, ग्रेडवृद्धि समेतको अभिलेख राखिएको हुनु पर्दछ । नगरपालिका द्धारा विधालय शिक्षकको स्विकृत दरवन्दी लेखापरीक्षणमा पेश हुन आएन साथै कार्यालयले २०७६/०७७ को तलबी प्रतिवेदन पारित नै नगरि यस वर्ष रु १३१८१४०००।०० शिक्षकहरुको तलब भत्ता निकासा दिएको देखियो । यसबाट दरबन्दी, ग्रेड समेतका निकासा यकिन हुन सकेन । अतः तलबी प्रतिवेदन पारित नै नगरी तलब भत्ता निकासा दिने कार्य नियन्त्रण गरिनु पर्दछ ।	
५९.	**स्वास्थ्य तर्फः**	
६०.	**तलबी प्रतिवेदनः-** निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख) २ अनुसार स्वास्थ्य सेवा तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्रनु पर्नेमा उक्त प्रतिवेदन पारीत वेगर यस वर्ष रु १७७०२०००।०० खर्च लेखेको देखिएकोले सो को तलव एव ग्रेड भिडान हुन सकेन ।	
६१.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । स्थानीय तहले यस वर्ष कूल औषधि रु ११०१०९९।०० खरीद गरेकोमा ठेक्का वाट रु ६०१४४५।०० र रु ४९९६५४।०० को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	

	आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, • औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
६२.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५०२ जनालाई रोजगारी उपलब्ध गराई रु. ७११३९६०।०० खर्च गरेको छ । लक्षित वर्गलाई न्युनतम २३ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन	
६३.	रोजगार कार्यक्रममा आवद्ध हुनको लागि ५६७ जनाले निवेदन दिएकामा जम्मा ५०२ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकाका १० वडा मध्ये सबै वडामा यो कार्यक्रम संचालन भएको छ । सञ्चालित कार्यक्रममा ५०२ जनालाई दैनिक रु ६३० को दरले ११३१० दिन रोजगारी दिएको पाइयो । यसरी सञ्चालित कार्यक्रमको नापी तथा मुल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्य बीच तुलना गर्न सक्ने अवस्था छैन ।	
	समानीकरण पूँजिगततर्फ	
६४.	**कन्टिन्जेन्सी खर्चको अभिलेख** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ ।	

कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम बाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । नगरपालिकाले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु २५८३९७७ कट्टी गरेकोमा रु ११०३७८२।०० खर्च गरेको छ । यसरी खर्च गरेको रकमको योजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख राख्नु पर्नेमा राख्ने गरेको पाइएन ।

६५. **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहबाट सञ्चालित योजना तथा कार्यक्रमहरुलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिका द्वारा सञ्चालित केहि कार्यक्रममा सार्वजनिक परीक्षण गरने गरेको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा पारर्दशिता र जवाफदेहिताको प्रबर्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

६६. **डीपीआर खर्च** – नगरपालिका द्वारा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजना / गुरुयोजनाको डीपीआर लगायतको अध्ययन प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	खर्च रकम
लिस्ने भ्युटावर	३४१८१२।००
विभिन्न खानेपानी योजना	१२४११८३।००
जम्मा	१५८२९९५।००

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेटलाइ नै आधार मानि सोही बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको नियमित प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन १५८२९९५.००

६७. **सफ्टवेयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृती लिएको देखिएन । यस्ता सफ्टवेयरहरुलाइ उक्त विभागवाट स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । स्थानीय तहले यस वर्ष राजश्व व्यवस्थापन सम्बन्धी सफ्टवेयर रु १६००००।००।०० सोझै खरीद गरेको नियम सम्मत देखिएन ।

६८. **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ अनुसार सार्वजनिक निकायले खरीद साम्झौता कार्यान्वयन गर्दा सो को प्रगति अनुगमन गर्ने र गुणस्तर पक्षको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

भौ.नं. मिति	निर्माण कामको विवरण	न पा द्वारा भुक्तानि	कामको प्रकृति
५२।०७६।७।२०	इन्द्रे डाडा खानेपानी योजना	१२२८५००.००	उपभोक्ता समिति
२०५।०७७।३।१८	वृहत विजुवार खानेपानी योजना	३७७६२३६.००	उपभोक्ता समिति

५।०७६।९।२७	श्री ने रा मा वी भवन निर्माण	१००७५३३.००	उपभोक्ता समिति
३०।०७७।३।२४	जनता मा वि भवन निर्माण	२४९५०६५.००	उपभोक्ता समिति
३८।०७७।३।२५	त्रिवेणी प्रा वी भवन निर्माण	१६०००००.००	उपभोक्ता समिति

६९. **मालसमानको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

- कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्वन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेसिफिकेशन तथा गुणस्तर सम्वन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

ठे.न.	मालसामानको नाम	भुक्तानी रकम
११-२०७६।०७७	जस्ता पाता खरीद	१३२४४६४२।०९
३-२०७६।०७७	झोपु सामाग्री खरीद	१३१२०३१।८६
१५-२०७६।०७७	सामुदायीक विधालयका लागी स्यानिटरी प्याड खरीद	१५४६९५९।८३
२०-२०७६।०७७	खानेपानी योजनामा पाइप तथा फिटीङ सप्लाइ	६९९५८३१।५०
२१-२०७६।०७७	खानेपानी योजनामा पाइप तथा फिटीङ सप्लाइ	४५४८५१२।८७
जम्मा		२७६४७९७६।००

६९.१	सघीय सर्शत अनुदान अन्तर्गत जनता आवास कार्यक्रमका लागि ठेक्का व्यवस्थापन भइ सिद्धार्थ हार्डवेयर प्रा .ली वाट खरीद गरीएका २७ गेजका हेभी कोटेड जस्ता पाता प्रति पीसको ९९१।८८ दरले खरीद गरी पालिकाका १० वटै वडामा वितरण गर्ने कार्यक्रम रहेकोमा १५५ पिस जस्ता पाता लेखापरीक्षण अवधि सम्म पनि वितरण गर्न वाकी देखीएकोले सो को कार्य सम्पन्न र वितरणको भर्पाइ पेश हुनु पर्ने रु	१५३७४२.७७
६९.२	नगरपालिका द्धारा सञ्चालित खानेपानि योजना तर्फ विभिन्न योजनाका लागी खरीद गरीएका जी आ इ पाइप ०.५ " प्रति मिटर रु १६९।५० का दरले ६४२ मिटरको रु १०८८१९ र एच डी पी इ पाइप प्रति मिटर रु ४०।७४ का दरले २०९९१ के जी को ८५५३३७।०६ समेत कूल रु ९६४१५६।०० पाइप मौज्दात देखिएकोले सो को कार्य सम्पन्न र खर्चको प्रमाण पेश हुनु पर्ने रु	९६४१५६.००
७०.	सघीय सर्शत अनुदान अन्तर्गत जनता आवास कार्यक्रमका लागि ठेक्का व्यवस्थापन भइ सिद्धार्थ हार्डवेयर प्रा .ली वाट खरीद गरीएका २७ गेजका हेभी कोटेड जस्ता पाता प्रति पीसको ९९१।८८ दरले खरीद गरी पालिकाका १० वटै वडामा वितरण गर्ने कार्यक्रम रहेकोमा १५५ पिस जस्ता पाता लेखापरीक्षण अवधि	

	सम्म पनि वितरण गर्न वाकी देखीएकोले सो को कार्य सम्पन्न र वितरणको भर्पाइ पेश हुनु पर्ने रु	
	समानीकरण चालुतर्फ	
७१.	**अनुदानको अनुगमनः** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद गरी वितरण गरेको भनि खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलब्धी मापन गरेको छैन । अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरि रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ ।	
७२.	**भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्. • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमणमा ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना समेत रहने हुदा तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न नगरपालिकाले ध्यान दिनुपर्दछ ।	
७३.	**डोजर, लोडर, एक्साभेटर मर्मत :** पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु २२४२९४।०० खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु २०१८१०।००. मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।	
७४.	**अनुगमन भत्ताः-** भ्रमण खर्च नियममावली २०६४ को नियम २१ मा भ्रमण वा अनुगमनमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने र नियम १८ मा भ्रमण समाप्त भएपछि नियमानुसार दैनिक तथा भ्रमण खर्चको विल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भरपाई पेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न योजनाको अनुगमन गरेको भनी जनप्रतिनिधी तथा कर्मचारीलाई अनुगमन खर्च वापत रु २०१२७५।०० भुक्तानी गरेकोमा भ्रमण अभिलेख खाता राखेको पाइएन । साथै कुन कुन योजनाको अनुगमन गरियो सो को अभिलेख सहितको प्रतिवेदन पेश गरेको देखिएन । योजना अनुगमन गरेको मिति, योजना अनुगमनमा देखिएका समस्या र भविष्यमा गर्नु पर्ने सुधार सहितको प्रतिवेदन पेश गर्नुपर्नेमा प्रतिवेदन नदिइ खर्च लेख्दा अनुगमन भएको पुष्ट्याई हुन	

	सकेन । साथै आफ्नै पालिकाको कार्यक्रम अनुगमन गरेको उल्लेख गरि दिएको अनुगमन भत्ता उपयुक्त देखिएन । यस प्रकारको खर्च यथाशिघ्र नियन्त्रण गरिनु पर्ने देखिन्छ ।	
७५.	एक स्थानिय तह एक वडा एक युवा क्लव कार्यक्रम अन्तर्गत सयपत्री युवा समुहलाइ वाखा पालनका लागी रु ५ लाख अनुदान दिएकोमा उक्त समुहले सो कार्य गरे नगरेको सम्वन्धमा पालिका द्धारा प्रभावकारी अनुगमन हुनुपर्दछ ।	
७६.	**गरीवसंग विशेश्वर कार्यकमः** **वाखा वितरणः** कार्यालयले रु ५३००। का दरले १२ वटा वाखा खरीद गरी रु ६३६००। भुक्तानी गरेको छ ।उक्त वाखाहरु वडा नं २ का १२ समूहलाई वितरण गरेकोमा ति समूहहरुवाट वाखा पालन गरी लाभ लिए नलिएको सम्वन्धमा कार्यालयले अनुगमन गर्नु पर्दछ ।	
	सामाजिक सुरक्षातर्फः	
७७.	**लाभग्राही परिचयपत्र अभिलेखः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्यावधिक गरि वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिकरण विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम आ एस मा प्रविष्ट गरि प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम. आइ .एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको नदेखीएको साथै निष्किय रहेका लाभग्राहीहरुको वैक खाता समेतको निर्देशिका अनुसार प्रभावकारी अनुगमन गरिनु पर्दछ ।	
७८.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) मा भएको व्यवस्था वमोजिम सामाजिक सुरक्षा भत्ता वितरण बैकिङ प्रणालीमा गइसकेको भएतापनी कोभीड महामारीको कारण तेस्रो चौमासिका भत्ता नगदै वितरण गरेकोमा सो को कारण स्पष्ट नभएकोले पालिकाको सामाजिक सुरक्षा भत्ता वितरणलाइ व्यवस्थित र विश्वसनिय छ भन्न सक्ने अवस्था देखिएन । साथै लाभग्राहीको मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्कमार्फत वितरण भएकोमा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख वाट कट्टा गरि भत्ता वितरण लाइ व्यवस्थित र विश्वसनिय वनाउन वैकिङ प्रणालि मार्फत वितरण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।	
७९.	**भत्ता वितरणको अनुगमनः** कार्यविधिको बुदा न २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।	
८०.	नेपाल सरकारबाट प्रदान गरिने नागरिकतामा नागरिकता प्रमाण नं. अनिवार्य हुने गरि नागरिकता उपलब्ध गराउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा छनौट गरीएका वडा न ४ र १० मा परीक्षण गर्दा पहिलो, दोस्रो तथा तेस्रो किस्तामा सामाजिक सुरक्षा भुक्तानी गर्दा निम्नानुसारको नागरिकता नं. वेगर भएको देखियो । निम्न वडाका निम्न लाभग्राहीहरुको नागरिकता प्रमाण नं खुलेको बिवरण पेश भएको नदेखीएकोले सो को एकीन हुनुपर्ने ।	३२०००.००

वडा नं	नाम	भत्ताको प्रकार	ना प्र नं	रकम
१०	मनीदेवी घर्ती	ज्येष्ठ नागरिक	नभएको	१२०००।
१०	देवी कुमारी सुना र	एकल महिला	नभएको	८०००।
१०	टोप वहादुर विष्ट	ज्येष्ठ नागरिक	नभएको	१२०००।
जम्मा				३२०००।

८१. **लगत कट्टाः** सामाजिक सुरक्षा निर्देशिका २०७५ को दफा १२ क मा मृत्यु भएको लाभग्राहीको नाम मूल अभिलेखवाट कट्टा गर्नु पर्ने व्यवस्था छ ।तर देहायका लाभग्राहीहरुलाई मृत्यु पश्चात पनि भत्ता भुक्तानी भएको देखिएकोले उक्त रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु २३०००.००

वडा नं	लाभग्राहीको नाम	मृत्यु भएको मिति	भुक्तानी रकम
४	मोहन कुमारी श्रेष्ठ	२०७७।१।८	६०००।
४	दुर्ग वहादुर सुनार	२०७६।१२।१७	९०००।
८	चन्द्रादेवी दशौती	पहिलो चौमासिकमा मृत्यु जनाएको	८०००।
		जम्मा	२३०००।

विपद् व्यवस्थापनः

८२. **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले १५ सदस्यीय समिति गठन गरी यस वर्ष विभिन्न समयमा वैठक वसी आफ्नो क्षेत्रको विपत व्यवस्थापन सम्वन्धी कार्य गरेको उल्लेख छ । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

८३. **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्वको तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

८४. **विपद् व्यवस्थापन कोष –** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.१७०९४७८१।६० ।- आम्दानी भई रु. १७०५४४४६।- खर्च गरी बाँकी रु.४०३३५।६० ।- देखिन्छ । पालिकाले खर्च मध्ये राहत वितरणमा रु. २०००००।-, क्वारेन्टाइन व्यवस्थापनमा रू. ९५८६७६८।०१।-, पिपिइ, मास्क,

	थर्मलगन, स्यानिटाइजर , औषधि खरिदमा रु १४६२२५०।५०।-, र लगायतमा उक्त रकम भुक्तानी खर्च लेखेको देखिन्छ । विपद् व्यवस्थापन कोष सञ्चालनको प्रभावकारी सञ्चालन एव व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
८५.	वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
८६.	सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।	
८७.	धरौटी जफतः आर्थिक कार्यविधि नियमावली २०६४ नियम ६५ वमोजिम कुनै काम गर्न धरौटी वा जमानत राख्नु पर्ने भइ राखिएको धरौटी वा जमानत त्यस्तो काम पूरा नगरेको कारणले प्रचलित कानून वमोजिम वा करारको शर्तनामा वमोजिम जफत गर्नुपर्ने भएमा कार्यालय प्रमुखले निर्णय गरी त्यस्तो धरौटी वा वैक जमानतको रकम जफत गर्नुपर्ने व्यवस्था छ ।अग्नीहोत्री निर्माण सेवाले जनता मा वि वागदुल्लाको भवन निर्माणको ठेक्कामा वोलपत्र स्वीकृत भैसकेपछि संझौता गर्न नआएकोले विडवण्ड वापत राखेको धरौटी रु २५८०००।जफत गरी राजस्व दाखिला गर्नुपर्ने रु	२५८०००.००
८८.	धरौटी फिर्ता सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२)मा कट्टा गरेको रिटेन्सन मनि आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले धरौटी वापत कट्टा गरेको रु कर विवरण पेश गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण वेगर निर्माण व्यवसायीलाइ फिर्ता गरेकोमा सोको प्रमाण पेश हुनुपर्दछ ।	४१८२८१.००

भौ न मिति	निर्माण व्यवसायीको नाम	फिर्ता रकम
७।२०७६।८।११	स्वर्गद्वारी निर्माण सेवा	१०६७८१।
८।२०७६।८।२०	हाम्रो राम्रो अर्डर सप्लायर्स	२५९५००।
१०।२०७६।९।२२	अरुण अर्डर एण्ड सप्लायर्स	५२०००।
	जम्मा	४१८२८१।

८९.	आन्तरीक लेखापरीक्षण वाट कायम भएको वेरुजु	
९०.	कृषि तथा पशुतर्फका कर्मचारीहरुलाइ कोरोना माहामारी नियन्त्रणमा खटीए वापत जोखीम भत्ता भुक्तानी भएकोमा सो को कर कट्टी भएको रु १८२६८।०० दाखीला भएको नदेखीएकोले उक्त रकम दाखिला हुनुपर्ने ।	१८२६८.००
९१.	पेश्कीः सार्वजनिक खरीद नियमावली २०६४ वमोजिम लिएको पेश्की सोही नियमावली वमोजिम फछ्यौंट	

	भएको हुनुपर्दछ। आर्थिक वर्षको अन्तसम्म फर्छयौट नभइ वांकी रहेको देहायको पेश्की नियमानुसार असुल फर्छयौट हुनुपर्ने रु	५४३५७१६.००

भौ नं र मिति	पेश्की लिने व्यक्ति, फर्म तथा संस्थाको नाम	वापत	पेश्की रकम
११।२०७७।१।१७	कक्षपति निर्माण सेवा	विद्यालय भौतिक पूर्वाधार निर्माण	४१५९९०।
२६६।२०७७।३।३१	अंशु निर्माण सेवा	विस्मुरे स्किम नं २ खा पा यो	१५०००००।
३१।२०७७।३।२४	शहिद स्मृति पार्क निर्माण उ स	विद्यालय भौतिक पूर्वाधार निर्माण	२६०८२२६।
१९०।२०७७।२।१८	शहिद स्मृति पार्क निर्माण उ स	सहिद स्मृति पार्क पूर्वाधार समपूरक प्रदेश	७२००००।
१०।२०७६।५।३२	श्री शोरण गिरी	संचार महशुल	८०००।
१७९।२०७६।८।२४	श्री केशवती भट्टराई	ईन्धन कार्यालय प्रयोजन	१००००।
१७९।२०७६।८।२४	श्री केशवती भट्टराई	ईन्धन पदाधिकारी	२००००।
१७९।२०७६।८।२४	श्री केशवती भट्टराई	पदाधिकारी वैठक भत्ता	४८०००।
१७९।२०७६।८।२४	श्री केशवती भट्टराई	पानी तथा विजुली	१२५००।
१७९।२०७६।८।२४	श्री केशवती भट्टराई	मेशिनरी औजार मरमत	१००००।
१७९।२०७६।८।२४	श्री केशवती भट्टराई	मसलन्द तथा कार्यालय सामाग्री	२००००।
१७९।२०७६।८।२४	श्री केशवती भट्टराई	विविध खर्च	३५५००।
१७९।२०७६।८।२४	श्री केशवती भट्टराई	संचार महशुल	१७५००।
१७९।२०७६।८।२४	श्री केशवती भट्टराई	सवारी साधन मरमत	१००००।
		जम्मा	५४३५७१६।

९२. **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)
७०९५२६९४।४५	०	७०९५२६९४।४५

अद्यावधिक बेरुजु - यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति

	देहायअनुसार रहेको छ					
	गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)	
	७०९५२६९४।४५	०	१९४९९५४२।६	०	९०४५२२३७।०५	

कोभिड १९ तर्फ

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
१.	बार्षिक प्रतिवेदन विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक बर्षमा गरेको कामको बिवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको बार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ ।	
२.	प्रकोप व्यवस्थापन सम्वन्धमा : पालिकाको प्रकोप व्यवस्थापन समितिको वैठक र सो का निर्णयहरु लेखापरीक्षणमा पेश हुन नआएकोले उक्त समिति वाट भए गरेका निर्णय ,प्रकोप व्यवस्थापनका लागी भएका प्रयास ,राहत वितरणका मापदण्ड ,राहतका लागी छनौट गरीएका परीवार र व्यक्तिको पहिचानका साथै सामग्री खरीदको विधि ,सो को दर र गुणस्तर समवन्धमा विश्वस्त हुन सकिएन ।	
३.	कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७७ असार मसान्तसम्मको प्राप्त रकम र खर्च सम्बन्धी बिबरण अनुसार कायार्लयले यस वर्ष रू. १७०९४७८२ आम्दानी भएको विवरण पेश गरेको छ भने असार मसान्त सम्ममा रू १७०५४४४६।०१ खर्च भएको देखएको छ । कार्यालयले देहाय अनुसार आम्दानी र खर्चको विवरण पेश गरेको छ ।	

बजेट/आम्दानीको स्रोत	२०७७ असार मसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७७ असार मसान्तसम्म खर्च
संघीय अनुदान बाट	०	राहात वितरण	२००००००
प्रदेश अनुदान बाट	१५०००००	क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	९५८६७६८.०१
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	१५५९४७८२	क्वारेन्टिनमा खाना खाजा खर्च	५४५२८२
विभिन्न सघ सस्थावाट	०	औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	१४६२२५०.५

	जनप्रतिनिधि ,शिक्षक, कर्मचारीको तलब		अन्य शीर्षकमा भएको खर्च	१९५९७४	
			अन्य	३२६४१७२	
	अन्य स्रोतबाट प्राप्त		वजेट वाकी	४०३३५.४९	
				१७०९४७८२	
	जम्मा	१७०९४७८२			

४. **जोखिम भत्ता :** नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ । कार्यालले कोभिड-१९ महामारी नियन्त्रणमा अग्रपंतिमा खटेका विभिन्न स्वास्थ्यकर्मी,समेत अन्य प्राबिधिक कर्मचारी र प्रशासनिक कर्मचारीलाई जोखिम भत्ता वापत रू. २४००१०३।०० खर्च लेखेको छ ।

५. **क्वारेन्टाईन र आइसोलेसन व्यवस्थापनः** कार्यालयले कोभिडको जोखिममा रहेका व्यक्तिहरुको व्यवस्थापनको लागि विभिन्न ९ स्थानमा क्वारेन्टाइन तथा होल्डिङ सेन्टर तयार गरेकोमा क्वारेन्टाइनमा बस्ने मानिसहरुको सख्या २७३२ रहेको उल्लेख छ । क्वारेन्टाइनमा बस्ने मानिसहरुको व्यवस्थापनको लागि क्वारेन्टाइन स्थलको पायक पर्ने विधालयहरुमा व्यवस्थापन गरे पनि खानाको लागी होटलहरु सग दररेट माग गरेको देखीएन । पालिकाले यस वर्ष ६७ वटा उक्त केन्द्रको निर्माण र क्वारिन्टाइनमा रहेका व्यक्तिहरुको लागी रु १०१३२०५०।०० खर्च गरेकोमा उक्त खर्चलाइ मितव्ययी रुपमा खर्च गरेको भनि विश्वस्त हुन सकिएन ।

६. **विशेष परिस्थितिमा खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि देहाय अनुसारका प्रमुख स्वास्थ्य सामाग्रीको खरिद गरेको छ । खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालयले उपयुक्त खरिद विधि अवलम्बन गर्न नसक्दा KN 95 माक्स रु. ३४० देखि रु.६२१ सम्ममा खरिद भएको देखिन्छ । न्यूनतम् र अधिकतम् मूल्यवीच धेरै अन्तर रहेकोले कार्यालले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन ।

७. कोभिड-१९ केश इन्भेष्टिगेसन तथा कन्ट्याक ट्रेसिङ्ग टिम परिचालन तथा व्यवस्थापन गर्न ३ सदस्यीय टोली गठन गरी देहाय बमोजिमको कार्य गरेको देखिन्छ ।

स्थानियतहको नाम	टीमको सदस्य संख्या	खर्च रकम	केश अनुसन्धान संख्या	कन्टयाक्टमा आएका व्यक्तिहरुको पहीचान संख्या	सामान्य परामर्श, फलोअप तथा रेफर संख्या	नमूना संकलन वा द्रुत परिक्षण संख्या
प्यूठान नगरपालिका	६		१३७२	४१	१३७२	१३७२

८. **पिसिआर परीक्षणः** कायालयले पेश गरेको विवरण अनुसार २०७७ असार सम्म **२२५० पीसीआर** परीक्षण गर्दा **१०९** जना संक्रमित फेला परेको उल्लेख छ।

महिना	सबै क्षेत्रमा गरेको कुल परीक्षण संख्या	
	परीक्षण संख्या	संक्रमित संख्या
२०७६ चैत्र	१००	०
२०७७ बैशाख	२५०	४
२०७७ जेठ	९२५	५५
२०७७ असार	९७५	५०

९. **राहात सामग्रीको खरिद र वितरणको परिमाणः** कार्यालयले देहाय अनुसार राहत समाग्री रु२००००० ।०० मा खरिद गरी वितरण गरेको विवरण पेश गरेको छ । मूल्य खुल्ने गरी विवरण पेश नगरेकोले मूल्य र परिमाणवीच तुलना गर्न सक्ने अवस्था छैन । खरिद गरेको पुरै सामग्री वितरण गरेको भए पनि वितरणको अवस्था खुल्ने गरी आवश्यक विल भपाई राख्ने नगरेकोले यस सम्बनधमा एकिन हुन सक्ने अवस्था छैन ।

राहत सामग्री	ईकाइ	खरिद परिमाण	वितरण परिमाण	राहात पाउने परिवार संख्या
चामल	के जी	३७३६६	३७३६६	२३८७
दाल	के जी	२३३८	२३३८	
नुन	के जी	२३३८	२३३८	
तेल	लिटर	२३३८	२३३८	

१०. पालिकाले १० वटा वडाका २३८७ परिवारलाइ दाल चामल नुन तेल लगायत खाद्यन्न वितरण गरेको देखिन्छ ।राहत सामग्री खरिद गर्दा विभिन्न वडाहरुमा फरक फरक दरमा राहात सामग्री खरिद गरि वितरण गरेकोबाट एउटै पालिकामा पनि खरिद मूल्यमा एक रूपता रहेको पाइएन ।